नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना –दोस्रो
(Enhanced Vocational Education and Training Project -II)
बुद्धनगर, काठमाडौं
फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं
च.नं.

मिति : २०७८/०५/१८ गते

**विषय: छात्रवृत्ति सम्बन्धी जानकारी**

प्रस्तुत बिषयमा यस परियोजनाबाट गत विगतमा पिएमटी स्कोरका आधारमा छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरूलाई विभिन्न किस्तामा प्रदान गरिने छात्रवृत्तिवापतको रकम निकासा गर्न तपसिल अनुसारका कागजातहरू प्राप्त भएपश्चात मात्र उपलब्ध गराउन सकिने व्यवस्था भएको हुनाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. शै.सत्र. २०७५/७६ मा डिप्लोमा तहमा भर्ना भई हाल तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको **तेस्रो किस्ताको छात्रवृत्ति रकम निकासा गर्न तेस्रो वर्ष (सेमेष्टरको हकमा पाचौं र छैटौं सेमेष्टर)** मा कक्षा सञ्चालन दिन र विद्यार्थीहरुको हाजिरी दिन उल्लेख गरी परियोजनाले तोकेको ढाँचामा सम्बन्धित शिक्षालय/विद्यालयको आधिकारिक सिफारिस पत्र, **दोस्रो वर्ष (सेमेष्टरको हकमा चौथो)** को सिटीइभिटीको परीक्षाको लव्धाङ्कपत्रको प्रतिलिपि र **तेस्रो वर्ष (सेमेष्टरको हकमा छैटौं सेमेष्टर)** को अन्तिम परीक्षाको प्रवेशपत्रको प्रतिलिपिसमेतका कागजातहरू

२. शै.सत्र. २०७६/७७ मा डिप्लोमा तहमा भर्ना भई हाल दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको **दोस्रो किस्ताको छात्रवृत्ति रकम निकासा गर्न दोस्रो वर्ष (सेमेष्टरको हकमा तेस्रो र चौथो सेमेष्टर)** मा कक्षा सञ्चालन दिन र विद्यार्थीहरुको हाजिरी दिन समेत उल्लेख गरी परियोजनाले तोकेको ढाँचामा सम्बन्धित शिक्षालय/विद्यालयको आधिकारिक सिफारिस पत्र, **प्रथम वर्ष (सेमेष्टरको हकमा पहिलो सेमेष्टर)** मा भएको सिटीइभिटी रजिष्ट्रेशन कार्डको प्रतिलिपि र **दोस्रो वर्ष (सेमेष्टरको हकमा  चौथो सेमेष्टर)** को अन्तिम परीक्षाको प्रवेशपत्रको प्रतिलिपिसमेतका कागजातहरू

३. ***माथि उल्लेखित बुदाँ नं. १ र २ मा उल्लेख भए अनुसारका प्रवेशपत्र लगायतका कागजातहरू पेश गर्न सक्ने अवस्थामा परियोजना सचिवालयबाट छात्रवृति निकासा सम्बन्धी सूचना पछि प्रकाशित गरिने छ ।***

***४. शै.सत्र २०७८/७९ मा टिएसएलसी तथा डिप्लोमा तहमा अध्ययनरत विद्यार्थीहरूका लागि यस परियोजनाबाट छात्रवृति सम्बन्धी कुनैपनि कार्यक्रम नभएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।***

***थप जानकारीका लागि***

परियोजनाको टोल फ्रि नं. १६६००१६७७७७ ( यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन ) वा फोन नं. ०१-४७९६३११ वा ०१-४७९६४११ वा ०१-४७९६५५० मा सम्पर्क गर्नु होला ।

.....................
रामकृष्ण जि.सी
शाखा अधिकृत